सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. ३३
साउन, २०७९

# कर्णाली प्रदेशको नीति निर्माणमा नागरिक अधिकारको अवस्था

दिनेश गौतम

## परिचय

नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा रहने व्यवस्था छ । शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम राज्यका तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका हुन् । जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरूको मूल दायित्व कानून निर्माण गर्नु हो । संविधानले व्यवस्था गरेअनुसार देशमा तीन तहका सरकार निर्माण भएका छन् । संविधानले दिएका अधिकारहरूको सुचीको दायरामा रही तीनै तहका सरकारले विभिन्न कानुन निर्माण गर्नुपर्ने दायित्व पनि रहेको छ ।[1]

तीनै तहका सरकारको मुख्य काम नागरिकको बृहत्तर हितका निमित्त असल सार्वजनिक नीतिहरूको निर्माण गर्नु हो जसले गर्दा नागरिकहरूलाई प्रत्यक्ष लाभ मिल्न सकोस । संविधानले दिएका सम्पुर्ण अधिकारहरूको प्रयोग गरी तीनै तहका सरकारले नागरिकहरूसँग प्रत्यक्ष सम्बन्ध राख्ने नीतिहरू निर्माण गर्नुपर्ने दायित्व संघीयताले प्रदान गरेको छ । प्रदेश तथा स्थानीय तहले नागरिकहरूको जीवन निर्वाहमा सहजता ल्याउन तथा संविधानले निर्दिष्ट गरेका हक, अधिकार एवं स्वतन्त्रताको रक्षा गर्नको लागि स्थानीय परिवेश अनुकूल नीति निर्माण गर्नुपर्छ ।

कुनैपनि नीतिहरू निर्माण गर्ने क्रममा नागरिकहरूलाई संविधानले दिएका अधिकारहरू हनन् हुनेगरी नीति निर्माण हुनुहुँदैन । कुनैपनि सार्वजनिक नीतिले नागरिकहरूका आधारभुत स्वतन्त्रताको रक्षा गर्नुपर्छ । यदि त्यसो नभएमा ती सार्वजनिक नीतिहरूले गलत परिणाम निम्त्याउने मात्र होइन, त्यस्ता नीतिहरू कार्यान्वयन हुन कठिन हुन्छ । यस छलफलपत्रमा  कर्णाली प्रदेश सभा तथा कर्णाली प्रदेशका विभिन्न स्थानीय तहले निर्माण गरेका मिडिया तथा नागरिकहरूको स्वतन्त्रतासँग जोडिएका नीतिहरूको विश्लेषण गरिएको छ ।

१ नेपालको संविधानको अनुसूची-५ मा संघीय सरकारको अधिकारको सूची, अनुसूची-६ मा प्रदेश सरकारको अधिकारको सूची, अनुसूची-८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची उल्लेख गरिएको छ ।

# पृष्ठभुमी

भूगोलको हिसावले कर्णाली प्रदेश नेपालको सबैभन्दा ठूलो प्रदेश हो भने जनसंख्याको हिसावले सबैभन्दा कम जनसंख्या भएको प्रदेश हो । यो प्रदेश ३०,७१६ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ भने पछिल्लो जनगणना अनुसार कुल १,५७०,४१८ जनसंख्या रहेको छ । यो प्रदेशको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, पूर्वमा गण्डकी प्रदेश, दक्षिणमा लुम्बिनी प्रदेश र पश्चिममा सुदुरपश्चिम प्रदेश रहेको छ । यस प्रदेशमा रहेका १० वटा जिल्लाहरू कालिकोट, जुम्ला, जाजरकोट, डोल्पा, दैलेख, मुगु, रूकुम पश्चिम, सल्यान, सुर्खेत र हुम्लामा जम्मा ७९ स्थानीय तहहरू रहेका छन् । तीमध्ये २५ नगरपालिका र ५४ गाँउपालिका हुन् । प्रदेशभरी ७१८ वडाहरू रहेका छन् ।[२]

कर्णाली प्रदेशमा हालसम्म ७३ वटा पत्रपत्रिका दर्ता भइ प्रकाशन भइरहेका छन् जसमा २८ वटा दैनिक, १ वटा अर्धसाप्ताहिक, ४३ वटा साप्ताहिक र १ वटा पाक्षिक रूपमा पत्रिका दर्ता छन् । त्यसमध्ये ९ वटा दैनिक र ७ वटा साप्ताहिक पत्रिका गरी जम्मा १६ वटा पत्रिकामात्रै प्रकाशित हुँदै आएका छन्, बाँकि ५७ वटा पत्रिका प्रकाशनमा छैनन् ।[३] कर्णाली प्रदेशमा हाल ४७ वटा एफएम रेडियोहरू सञ्चालनमा छन् ।[४] त्यसैगरी प्रदेशमा दुईवटा टेलिभिजन सञ्चालनमा रहेका छन् । कर्णाली प्रदेशमा १० वटै जिल्लामा नेपाल पत्रकार महासंघका शाखाहरू रहेका छन् । यसका साथै कर्णाली प्रदेशमा नेपाल प्रेस युनियन, प्रेस संगठन नेपाल, प्रेस चौतारी नेपाल, आदिवासी जनजाती पत्रकार महासंघ, राष्ट्रिय दलित पत्रकार संघ, नेपाल वातावरण पत्रकार संघ, संसदीय मामिला पत्रकार समाज, संचारिका समूह नेपाल, क्रियाशिल पत्रकार मञ्चजस्ता संस्थाहरू मिडिया अधिकारका क्षेत्रमा क्रियाशील छन् ।

समाज कल्याण परिषद्का अनुसार कर्णाली प्रदेशमा २०७६ असारसम्म २१०८ संस्थाहरू दर्ता छन् । त्यसमा पनि तन्नेरी चासो सुर्खेत, ऋति फाउण्डेशन, कर्णाली फाउण्डेशन लगायतका संस्थाहरूले सार्वजनिक नीति निर्माणको विषयमा वहस सिर्जना गर्ने काम गर्छन् । सबैभन्दा बढि सुर्खेतमा ४०९ वटा संस्थाहरू रहेका छन् । कालिकोटमा २४५, मुगुमा २३४, दैलेखमा २३०, सल्यानमा २११, जुम्ला र हुम्लामा समान १९३, जाजरकोटमा १८०, डोल्पामा ११८ र पश्चिम रूकुममा ९५ वटा संघ संस्थाहरू दर्ता रहेका छन् ।[५]

# मिडिया कानूनको अवस्था

कर्णालीमा सञ्चारसम्बन्धी 'प्रदेश प्रसारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको ऐन' निर्माण हुनुका साथै अन्य संरचनागत प्रक्रिया थालिएपनि आमसञ्चार नीति बनेको छैन । कर्णाली प्रदेश सरकार स्थापना भएको चार वर्ष पुग्दैगर्दा यहाँ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएका दुईवटा नीति तथा योजनाहरू बनेका छन् । २०७५ सालमा कर्णाली प्रदेश सरकारले आफ्नै सञ्चारमाध्यम सञ्चालनको तयारी गऱ्यो । त्यसैअनुसार प्रदेश सरकारको सञ्चार हेर्ने आन्तरिक मामिला तथा कानुन मन्त्रालयले टेलिभिजन र रेडियो स्थापनाका लागि 'प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक, २०७५' निर्माण गरेको छ । कर्णाली प्रदेश सरकारको २०७५ माघ २८ गतेको मन्त्रिपरिषद्को बैठकले उक्त विधेयक कर्णाली प्रदेशसभामा पेश गर्न स्वीकृति दिने निर्णय गरेको थियो । त्यसैगरी कर्णाली प्रदेश सरकारले कर्णाली सुचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक, २०७८ कर्णाली प्रदेशसभामा दर्ता गरेको छ ।

प्रदेशमा मिडिया तथा अभिव्यक्ति स्वतन्त्रतासँग जोडिएको आमसञ्चार प्रतिष्ठान स्थापनासँग सम्बन्धित विधेयक आउनुभन्दा अगाडी प्रदेश सरकारले सरोकारवालाहरूसँग राय सुझाब लिएको थियो । यसभन्दा अगाडि प्रदेश सरकारले ल्याएको 'प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानुनी व्यवस्था गर्न बनेको विधेयक, २०७५' ल्याउनुभन्दा अगाडी भने सरोकारवाला पक्षसँग राय सुझाब संकलन गरेको थिएन ।[६] कर्णाली प्रदेशमा बनेका दुईवटै मिडिया कानुनमाथि सरोकारवालाहरूले असहमति राखी सुझाव दिएका छन् ।

२ कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । तथ्यांकमा कर्णाली प्रदेश २०७५। कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

३ प्रेस काउन्सिल नेपाल ४५ औँ बार्षिक प्रतिवेदन २०७७, प्रेस काउन्सिल नेपाल

४ सेजुवाल, कलेन्द्र । २०७७ । कर्णालीमा ३० पत्रिका बन्द, ४७ एफएम निरन्तर । कान्तिपुर । वैशाख ४, । https://ekantipur.com/pradesh-6/2020/04/16/158702793540643425.html

५ https://www.swc.org.np/sites/default/files/downloads/Province-5-Chart.pdf

६ नेपाल पत्रकार महासंघ । २०७८ । कर्णाली प्रदेशको आमसञ्चार नीतिबारे संवाद सम्पन्न । http://fnjnepal.org/np/news/208

## सरकार आफै मिडिया चलाउन अग्रसर

कर्णाली प्रदेश सरकारको सञ्चार हेर्ने आन्तरिक मामिला तथा कानुन मन्त्रालयले टेलिभिजन र रेडियो स्थापना गर्ने प्रयास थाल्यो । आर्थिक वर्ष २०७५/०७६ को बजेटमा प्रादेशिक सञ्चारमाध्यमको पूर्वाधार निर्माण एवं प्रर्वद्धनमा २ करोड, प्रादेशिक टेलिभिजन र रेडियो स्थापनाका लागि ८ करोड बजेट विनियोजन पनि गरियो ।[७] तत्कालिन आन्तरिक मामिला तथा कानुन मन्त्री नरेश भण्डारीले संघीय सरकारकै अभ्यासअनुरूप प्रदेश सरकारको आधिकारिक धारणा सार्वजनिक गर्न सञ्चारमाध्यम खोल्न लागेको बताएका थिए । मन्त्री भण्डारीले पहिलो चरणमा टेलिभिजन र रेडियो स्थापना गर्नलाई आवश्यक कानुन निर्माणको प्रक्रिया थालिएको जनाएका थिए ।[८] नेपाल टेलिभिजनको कर्णाली प्रदेशमा संरचना नभएकाले टेलिभिजन खोल्ने कार्यलाई पहिलो प्राथमिकतामा राखेको थियो । रेडियो नेपालको वीरेन्द्रनगरस्थित क्षेत्रीय प्रशारण केन्द्रलाई नै प्रदेश मातहत सञ्चालन गर्न संघीय सरकारसँग प्रस्ताव गर्ने बताएको थियो । संघीय सरकार यस प्रस्तावमा सहमत नभएपछि आफ्नै रेडियो खोल्ने प्रदेश सरकारको योजना थियो ।[९]

सरकार आफैले मिडिया सञ्चालन गर्नु लोकतान्त्रीक मूल्य मान्यता सुहाउँदो विषय होइन । सरकारले बनाएका नीतिहरू र गरेका कामहरूबारे नागरिकलाई सुसुचित गर्नको लागि मिडियाहरू कर्णाली प्रदेशमा नभएका होइनन् । यो अवस्थामा प्रदेश सरकारले आफ्नै मिडिया खोल्दा उक्त मिडियाले प्रवाह गर्ने सुचनामा सरकारप्रति वफादारी झल्किने र प्रतिपक्षप्रति आलोचक हुनेमा कुनै शंका रहदैन । एक हिसावले भन्ने हो भने सरकारले सञ्चालन गरेका मिडियाहरूमा एक किसिमको पूर्वाग्रह झल्किने गर्छ । मिडियामा काम गर्ने पत्रकारहरूले आफ्नो जागिर जोगाउन प्रेस स्वतन्त्रतामा सम्झौता गर्नुपर्ने अवस्था आउन सक्छ । नेपालमा अहिले सञ्चालन भइरहेका सरकारी सञ्चारमाध्यमहरूको अवस्थाले पनि त्यही देखाएको छ ।

सरकारले निजी र सामुदायिक सञ्चार माध्यमहरूलाई प्रोत्साहन गर्नुको साटो सरकार आफैले मिडिया सञ्चालन गर्नु लोकतान्त्रिक मूल्य/मान्यता अनुकूल नहुने जिकिर सञ्चार क्षेत्रका सरोकारवालाहरूले गर्दै आएका छन् । पत्रकार महासंघका कर्णाली प्रदेश समितिका पुर्वअध्यक्ष दुर्गा थापाले सञ्चार क्रान्तिको अहिलेको युगमा सरकार आफैले मिडिया सञ्चालन गर्न उचित नहुने बताए ।[१०] मध्यपश्चिमाञ्चल विश्वविद्यालयका उपप्राध्यापक कमल लम्सालले मिडिया सञ्चालन गर्नु सरकारको अधिकार भएपनि जनताप्रति उत्तरदायी बन्नैपर्ने बताउँछन् ।[११] नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका अध्यक्ष देविराम देवकोटाले कुनैपनि सरकारले आफ्नै सञ्चारमाध्यम स्थापना गर्नु उचित नहुने बताए । सरकारले गरेका गलत कार्यलाई मिडियाले खवरदारी गर्नुपर्नेमा आफ्नै सञ्चारमाध्यम स्थापना गर्ने कुराले सरकारले आफनो प्रचार प्रसार मात्रै खोजेको उनको भनाई छ । 'सरकारी मिडियाले सरकारको गुणगान मात्रै गाउने अवस्था छ । मिडियाले गर्नुपर्ने सरकारको खवरदारी त्यस्ता मिडियाले गर्न सक्दैनन्' उनले भने ।[१२] नागरिकलाई सुसूचित गराउने र सरकारको कामवारे जानकारी गराउने सञ्चार माध्यम छँदाँछँदै कर्णाली प्रदेश सरकार आफनै मातहतको संचार माध्यम स्थापनामा लाग्नु विडम्बनापुर्ण अवस्था हो ।

## सञ्चारमाध्यम सञ्चालनमा अंकुश लगाउन सक्ने

मिडियासम्बन्धी कानून बनाउने क्रममा कर्णाली प्रदेश सरकारले 'प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५' निर्माण गर्‍यो । २०७५ साल चैत १५ गते कर्णाली सभाबाट पारित भई प्रमाणीकरण समेत भएकाले विधेयकले ऐनको रूप लिएको छ । ऐनको प्रस्तावनामा 'कर्णाली प्रदेशभित्र निष्पक्ष, स्वतन्त्र एवं समाचार, सूचना र मनोरञ्जनको पहुँचलाई जनता समक्ष विस्तार गर्न रेडियो, एफ.एम. तथा टेलिभिजनको अनुमति, सञ्चालन, नवीकरण र नियमनका लागि आवश्यक

७ अधिकारी, प्रकाश । २०७५ । मिडिया चलाउँदै कर्णाली सरकार । साउन ३० । https://ekantipur.com/pradesh-6/2018/08/15/153433242059428500.html

८ अधिकारी, प्रकाश । २०७५ । मिडिया चलाउँदै कर्णाली सरकार । साउन ३० । https://ekantipur.com/pradesh-6/2018/08/15/153433242059428500.html

९ Ibid

१० Ibid

११

१२ देविराम देवकोटा, नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका अध्यक्ष । सीएमआर नेपालले २०७८ भदौ १८ गते गरेको छलफलमा व्यक्त धारणा ।

कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले' उल्लेख गरिएको छ । सुरूमा विधेयकको रूपमा ल्याइएको मस्यौदामा भने समाचारअघि आधिकारिक भन्ने शब्द उल्लेख गरिएको थियो जसलाई ऐन आउने क्रममा हटाइएको हो ।

ऐनमा प्रसारण अनुमति, सञ्चालन, प्रसारण, रेखदेख र नियमन, इजाजत नलिई प्रसारण गर्न नहुने, इजाजतपत्रका लागि निवेदन दिनुपर्ने, निवेदनका साथ संलग्न गर्नुपर्ने कागजात, इजाजतपत्र दिन सकिने, प्रसारण पूर्व विवरण पेश गर्नुपर्ने प्रावधान राखिएको छ । प्रसारण केन्द्रको स्थापनासम्बन्धी विशेष व्यवस्था, नवीकरणसम्बन्धी व्यवस्था, प्रसारणमा रोक लगाउन सकिने, प्रसारण तथा वितरण शुल्क, कार्यक्रम उत्पादन तथा प्रसारण, विज्ञापन प्रसारण गर्न नपाइने, प्रसारकको काम, कर्तव्य र अधिकार, आर्थिक दायित्वका सम्बन्धमा स्वीकृति लिनुपर्ने, सजाय, पुनरावेदन, प्रसारण संस्थाको सुरक्षा, अधिकार प्रत्यायोजन र नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारको प्रावधान पनि विधेयकमा राखिएको छ ।[१३]

दफा २ (ठ) मा सुरूमा विधेयकमा सार्वजानिक प्रसारण सेवा उल्लेख गरिएकोमा ऐनमा चाहिं प्रसारण सेवा मात्रै उल्लेख गरिएको छ जुन सही छ । ऐनमा प्रदेशभित्र रेडियो तथा टेलिभिजन सञ्चालनका लागि आर्थिक, प्राविधिक तथा व्यावसायिक क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन अनिवार्य गरिएको छ । ऐनको दफा ६ मा रेडियो, एफएम वा टेलिभिजन सञ्चालनका लागि अनुमति लिन निवेदनसाथ विभिन्न पाँच कागजपत्र पेस गर्नुपर्ने उल्लेख छ ।  राष्ट्रिय प्रसारण ऐन, २०४९ अनुसार रेडियो/एफएम टेलिभिजन सञ्चालनका लागि निवेदन दिए पुग्छ ।[१४]

यता प्रदेशसभाले बनाएको ऐनको यो व्यवस्थाले सञ्चारमाध्यम सञ्चालनमा अंकुश लगाउन खोजेजस्तो देखिन्छ । ऐनको दफा ७ मा 'प्राप्त निवेदनमाथि मन्त्रालयले आवश्यक जाँचबुझ गरी मनासिब देखे तोकिएका सर्त पालना गर्ने गरी' इजाजत दिने जुन प्रावधान छ, त्यसमा संशोधन गर्न आवश्यक छ । दफा ७ को उपदफा १ र ४ मा उल्लेखित जाँचबुझ शब्द राख्न आवश्यक छैन । साथै उपदफा १ मा 'तोकिएका शर्तहरू' भनी उल्लेख भएकोमा ती के के हुन् भन्ने विषय ऐनमा नै प्रष्ट गर्न आवश्यक छ, पछि सर्त तोक्ने कुरा उपयुक्त छैन । दफा ९ को उपदफा २ मा पनि यस्तै समस्या छ । 'निवेदन पर्न आएमा मन्त्रालयको सञ्चार हेर्ने महाशाखाले उक्त निवेदनउपर आवश्यक जाँचबुझ गरी तोकिएवमोजिमको दस्तुर तथा शर्तहरू पालना गर्ने गरी अनुमति दिन सक्नेछ' भनी उल्लेख भएकोमा यहाँ पनि जाँचबुझ शब्द राख्न आवश्यक छैन भने शर्तहरूको विषय पहिल्यै प्रष्टयाउन आवश्यक छ । दफा १० को उपदफा १ मा उल्लेखित नवीकरणसम्बन्धी शर्तहरू र उपदफा ३ मा तोकिएवमोजिमको शर्तको विषय पनि पहिल्यै प्रष्टयाउन आवश्यक छ ।

दफा ११ मा सुरूमा विधेयक ल्याउँदा प्रसारणमा रोक लगाउन सकिने उल्लेख भएपनि पछि ऐनमा प्रसारण गर्न नहुने भनी जुन शब्दावली राखियो त्यो सकारात्मक छ । त्यति हुँदाहुँदै पनि उक्त दफाको पेटबोलीमा चाहिं प्रसारणमा रोक लगाउन सकिने प्रावधान नै राखिएको छ जसलाई पनि संशोधन गर्न आवश्यक छ । दफा ११ मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाईबीचको सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न प्रोत्साहन गर्ने वा सार्वजानिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैंगिक विभेदलाई प्रोत्साहन गर्ने कार्यक्रम उत्पादन वा प्रसारण गरेमा त्यस्तो संस्था वा व्यक्तिलाई प्रदेश सरकारले रोक लगाउन सक्नेछ भनी उल्लेख गरिएको छ । यस्ता विषयसँग सम्बन्धित विषयमा कार्यक्रम उत्पादन वा प्रसाराणमा रोक लगाउनेभन्दा पनि प्रसारण गर्न नहुने भनी सुचीकृत गर्नु उपयुक्त हुन्छ ।

सुरूमा विधेयक ल्याउँदा दफा १३ मा कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा प्राथमिकता दिनुपर्ने भनी विभिन्न १० वटा बुँदा रहेकोमा ऐनमा यो सबैलाई हटाइएको छ । यसरी ऐनमा कार्यक्रमको प्राथमिकता तोक्ने कार्य जायज पनि थिएन । यस हिसावले प्रदेश सभाले पारित गर्ने क्रममा यसरी कार्यक्रम उत्पादन र प्रसारणका लागि तोकिएको प्राथमिकताको बुँदा हटाउनु सकारात्मक छ । ऐनको दफा १५ मा कुनै व्यक्ति वा संस्थाले यो ऐनको बरखिलाफ हुने कुनै काम गरेमा प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ भनी उल्लेख भएकोमा यो प्रावधान अलि अस्पष्ट छ । प्रचलित कानुनअनुसार भन्ने विषय आफैमा अमूर्त भएकाले त्यसबारे थप स्पष्ट पार्न आवश्यक छ । विधेयकको मस्यौदामा दफा १६ मा 'सारभूत रूपमा आर्थिक दायित्व सिर्जना हुने विषयमा प्रदेश सरकारको पूर्वस्वीकृति लिनुपर्ने छ' भनी उल्लेख गरिएको विषय आफैमा प्रष्ट थिएन । तर, पछि ऐन आउँदा यो प्रावधानको पुरै अंश हटाइएको छ ।

१३ प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक (२०७५), कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय ।

१४ राष्ट्रिय प्रसारण ऐन, २०४९ नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# प्रतिष्ठान सरकारकै छायाँ बन्न सक्ने

कर्णाली प्रदेश सरकारले 'सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभामा दर्ता गरेको छ । गत आर्थिक वर्षमा नै गठन आदेशबाट प्रतिष्ठान स्थापना गर्न खोजिएपनि सरोकारवालाहरूले संसदमै पेश गर्नको लागि दवाव दिएपछि संसद्मा विधेयक दर्ता भएको हो ।[१५] विधेयकको प्रस्तावनामा संविधानप्रदत्त विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गर्दै सूचना प्रविधि तथा आमसञ्चारको विकास गरी सर्वसाधारणसम्म पहुँच पुऱ्याउन, आमसञ्चार तथा सूचना प्रविधि क्षेत्रमा आवद्ध जनशक्तिको व्यवसायिक क्षमताको अभिवृद्धिका लागि अध्ययन, अनुसन्धान र प्रशिक्षणको व्यवस्था गर्न कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनाको लागि कानूनी व्यवस्था गर्न यो ऐन बनाएको उल्लेख गरिएको छ ।

विधेयकको दफा ३ (१) मा सूचना प्रविधि तथा आमसञ्चार माध्यमको सञ्चालन, व्यवस्थापन, प्रशिक्षण, अभिलेखीकरण र आमसञ्चार तथा सूचना प्रविधि क्षेत्रको प्रर्वद्धनको लागि मन्त्रालयलाई राय परामर्श दिन कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठानको स्थापना गरिने कुरा उल्लेख गरिएको छ ।[१६] दफा ४ मा प्रतिष्ठान एक स्वशासित र संगठित संस्था हुने, दफा ५ मा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार, दफा ६ मा परिषद्को गठन, दफा ७ मा परिषदको वैठक, दफा ८ मा परिषदको काम, कर्तव्य र अधिकार, दफा ९ मा परिषदको सदस्यता कायम नरहने अवस्थाका विषयमा उल्लेख गरिएको छ ।

दफा ३ मा मन्त्रालयलाई राय परामर्श दिन कर्णाली सूचना प्रविधी तथा आमसञ्चार प्रतिष्ठान स्थापना गरिने उल्लेख भएपनि यो मन्त्रालय अर्न्तगत रहने वा स्वतन्त्र निकायको रूपमा भन्ने विषयमा प्रष्टता छैन । यस्तो प्रतिष्ठान मन्त्रालयको मातहत हुनुहुँदैन, स्वतन्त्र निकायको रूपमा स्थापित हुनुपर्छ । दफा ६ मा प्रतिष्ठानको उदेश्य प्राप्तिको लागि आवश्यक कार्यहरू सुव्यवस्थितरूपले सञ्चालन गर्न गराउन र प्रतिष्ठानको सम्पुर्ण कामकारवाहीको रेखदेख तथा प्रवन्ध गर्नको लागि गठन गरिने सुचना प्रविधी तथा आमसञ्चार प्रतिष्ठान परिषदको अध्यक्षमा मन्त्री रहने कुराले प्रतिष्ठान स्वायत्त एवं स्वतन्त्र नहुने कुरालाई प्रष्टयाएको छ ।

त्यसमाथि समितिका अन्य सदस्यहरूमा प्रदेश योजना आयोगको सदस्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयका सचिव, आन्तरिक मामिला तथा मन्त्रालयका सचिव हुने प्रावधानले प्रतिष्ठान सरकारकै छायाँ बन्न सक्ने संभावना देखिन्छ । बरू, प्रदेश सभाका सभामुखको अध्यक्षतामा आमसञ्चार तथा सुचना प्रविधी क्षेत्रका ब्यक्तिहरू सम्मिलित परिषद् गठन गर्नु उपयुक्त हुन्छ । अन्यथा मन्त्रीको अध्यक्षतामा रहने परिषदले प्रतिष्ठानको उदेश्यअनुरूप व्यवसायिक पत्रकारितालाई प्रर्वद्धन गर्ने कुरा संभव हुँदैन । त्यसैले पनि परिषद गठनको ढाँचालाई बदल्न जरूरी छ । साथै प्रतिष्ठानलाई एक स्वतन्त्र निकायको रूपमा अघि बढाउन पनि उत्तिकै जरूरी छ ।

प्रतिष्ठानको काम कर्तव्य र अधिकारअर्न्तगत सूचना प्रविधी, आमसञ्चार र पत्रकारिता विषयमा समयानुकुल पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्न सिफारिस गर्ने कुरा उल्लेख गरिएको छ । तर, प्रतिष्ठानले सञ्चालन गर्ने विषयका पाठ्यक्रम हो वा प्रदेशभित्र रहेका कलेजहरूको पत्रकारिताको पाठ्यक्रम भन्ने विषयमा प्रष्टता छैन । कलेज, विश्वविद्यालयको पाठ्यक्रमको कुरा गरिएको हो भने त्यो मिल्ने कुरा होइन किनकी कलेजहरूको पाठ्यक्रम परिवर्तन गर्ने अधिकार विश्वविद्यालयको हो । त्यसैले विधेयकमा रहेको यो प्रावधानलाई प्रष्टयाउन जरूरी छ ।

त्यस्तै विधेयकको परिच्छेद ४ मा कार्यकारी निर्देशक र कर्मचारीसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । दफा १० मा प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति, दफा ११ मा कार्यकारी निर्देशक पदमुक्त हुने अवस्था, दफा १२ मा कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार, दफा १३ मा कार्यकारी निर्देशकलाई हटाउन सक्ने, दफा १४ मा कर्मचारी तथा प्रशिक्षकको व्यवस्था, दफा १५ मा प्रशिक्षण कार्यक्रम निर्धारण गर्न सक्नेजस्ता प्रावधानहरू छन् ।

कार्यकारी निर्देशकको नियुक्ति मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले गर्ने उल्लेख छ । कुनै निश्चित संयन्त्र बनाएर प्रतिस्पर्धाको आधारमा नियुक्त गर्ने व्यवस्था गर्न सकेमात्र प्रतिष्ठानको स्वायत्तता रहन्छ । अन्यथा प्रदेश सरकारले आफुलाई लागेको व्यक्तिलाई त्यत्तिकै नियुक्ति दिदा प्रतिष्ठान कार्यकर्ता व्यवस्थापनको थलो बन्ने खतरा

---

१५ कान्तिपुर । २०७८ । आमसञ्चार प्रतिष्ठानको प्रावधानप्रति महासंघको आपत्ति । असार २५ । https://ekantipur.com/pradesh-6/2021/07/09/162580043638374374.html

१६ कर्णाली सुचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापना सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक । २०७८ । कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय ।

पनि उत्तिकै छ । त्यसमाथि परिषदको सिफारिसमा प्रदेश सरकारले कार्यकारी निर्देशकलाई जतिवेला पनि हटाउन सक्ने भएकाले प्रतिष्ठान सरकारकै छायाँ बन्ने खतरा छ । अर्कोतर्फ सरकार परिवर्तनसँगै कार्यकारी निर्देशक परिवर्तन हुन सक्ने संभावनाका कारण संस्थाको नेतृत्व स्थिर हुने कुरामा शंका नै छ । त्यसैले यस्ता संस्थाको नेतृत्वलाई दलीय कोपविभाजनको शिकार बनाउनुहुँदैन । प्रतिस्पर्धाबाट छनौट गर्ने र पुर्ण कार्यकाल ग्यारेण्टी हुने किसिमको व्यवस्था गर्न आवश्यक छ ।

## अस्पष्ट प्रावधान

त्यस्तै प्रतिष्ठानमा प्रशिक्षक राख्ने भनिएपनि यो विषय प्रष्ट छैन । प्रतिष्ठानमा स्थायी वा अस्थायी कस्तो किसिमको प्रशिक्षक राख्न खोजिएको हो ? विज्ञहरूको छनौट कसरी गर्ने ? लगायतका विषय प्रष्ट पार्न आवश्यक छ । अन्यथा विज्ञको नाममा सीमीत व्यक्ति त्यो पनि दलीय पहुँचका आधारमा प्रशिक्षण कार्यकर्ता भर्तीको केन्द्र बन्न सक्छ । त्यसैले पनि प्रशिक्षक एवं विज्ञको योग्यता, छनौट प्रक्रिया, नियुक्ति लगायतका विषयमा अहिले नै प्रष्ट पार्न जरूरी छ ।

विधेयकमा दफा १६ मा प्रतिष्ठानको कोष, दफा १७ मा लेखा तथा लेखापरीक्षण, दफा १८ मा प्रतिष्ठानलाई सरकारले निर्देशन दिन सक्ने, दफा १९ मा प्रदेश सरकारसँग सम्पर्क, दफा २० मा नियम बनाउने अधिकार र दफा २१ मा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने जस्ता व्यवस्था छन् । दफा १८ मा रहेको 'प्रदेश सरकारले यो ऐनको उदेश्य कार्यन्वयन गर्न आवश्यक देखेका नीतिगत कुराका सम्बन्धमा प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ' भनी उल्लेख गर्नुले प्रतिष्ठानमाथि सरकारी हस्तक्षेप हुने कुरालाई प्रष्टै पारेको छ । त्यस्तै दफा १९ मा रहेको 'प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत राख्नुपर्नेछ' भनी उल्लेख गरेर प्रतिष्ठानलाई मन्त्रालयको एउटा इकाई झैं रहेको परिकल्पना गरेको छ । त्यसैले सरकारको मातहत रहने यस्ता प्रतिष्ठान पत्रकारिताको विकासको लागिभन्दा पनि राजनीतिक दलका कार्यकर्ताहरूको व्यवस्थापन गर्ने थलोको रूपमा रहने खतरा रहन्छ । त्यसैले पनि विधेयकमा प्रतिष्ठानको स्वतन्त्रता र स्वायत्ततालाई दख्खल पुऱ्याउने त्यस्ता प्रावधानहरूको संशोधन गर्न जरूरी छ ।

नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय कोषाध्यक्ष सुर्यमणी गौतम प्रतिष्ठानलाई सरकारको नियन्त्रणमा राख्नेगरी विधेयक ल्याइनु दुखद रहेको बताउँछन् । 'पत्रकारको क्षमता अभिवृद्धि गर्ने निकायमा पत्रकारको संख्या बढि हुनुपर्थ्यो, तर त्यहाँ गठन हुने प्रक्रियामा दुई जना मात्रै पत्रकारलाई समेट्ने उल्लेख छ,' उनी भन्छन्, 'यो प्रतिष्ठानले सरकारको पृष्ठपोषण नगर्ने पत्रकारलाई समस्या बनाउन सक्छ । पत्रकार स्वतन्त्रतामा यसले आघात पुऱ्याउन सक्छ ।'[१७] महासंघका केन्द्रीय कोषाध्यक्ष कलेन्द्र सेजुवाल पनि पत्रकारको हितमा काम गर्ने प्रतिष्ठान आवश्यक रहेको बताउँछन् । 'हामीले विगतदेखि नै प्रतिष्ठान गठन गर्नुपर्ने माग गर्दै आइरहेका थियौं । सरकारले सचिवालयमा विधेयक दर्ता गराएछ,' उनी भन्छन्, 'आमसञ्चार प्रतिष्ठान भनेको पत्रकारहरूको स्कूल हो । यसमा नियुक्त हुने पदाधिकारी पत्रकारिता बुझेको, अध्ययन गरेको, पत्रकारलाई राम्रो प्रशिक्षित गर्ने पदाधिकारी राख्नुपर्ने, प्रशासनिकदेखि सबै काममा अब्बल हुनुपर्छ ।' उनले पत्रकार महासंघको पनि प्रतिष्ठानमा प्रतिनिधित्व हुनुपर्ने बताउँदै पत्रकारलाई कर्मचारीले चलाउनेभन्दा पनि पत्रकारले नै पत्रकारलाई चलाउने खालको प्रतिष्ठान बनाउन आवश्यक रहेको बताए ।[१८] नेपाल पत्रकार महासंघ कर्णाली प्रदेशका अध्यक्ष देविराम देवकोटाले आमसञ्चार प्रतिष्ठानलाई सरकारको एउटा निकायभन्दा पनि स्वतन्त्र निकायको रूपमा अघि बढाउनुपर्ने बताउँदै भने, 'प्रतिष्ठानमा रहने पदाधिकारीहरू स्वतन्त्र तरिकाबाट रहने व्यवस्था गर्नुपर्छ जसमा नेपाल पत्रकार महासंघको प्रतिनिधित्व समेत सुनिश्चित हुनुपर्छ ।'[१९]

## सरोकारवालाको असहमति

नेपाल पत्रकार महासंघले उक्त विधेयकका प्रावधानप्रति असहमति जनाउँदै कर्णाली प्रदेश सरकार र प्रदेशसभाको ध्यानाकर्षण गराएको छ । महासंघको प्रदेश समितिले सभामुख राजबहादुर शाही र आन्तरिक मामिला तथा कानुनमन्त्री सीता नेपालीलाई भेटेर असार २४ गते ज्ञापनपत्र पनि बुझाइसकेको छ । आमसञ्चार प्रतिष्ठान

१७ नेपालप्रेस डट कम । २०७८ । कर्णालीमा मन्त्रीकै नेतृत्वमा आमसञ्चार प्रतिष्ठानको प्रस्ताव, मिडियालाई पकडमा राख्ने रणनीति । असार २० । https://www.nepalpress.com/2021/07/04/73557/

१८ Ibid

१९ देविराम देवकोटा, नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश अध्यक्ष । सीएमआर नेपालले २०७८ भदौ १८ गते गरेको छलफलमा व्यक्त धारणा ।

स्थापना गर्नेजस्तो महत्वपूर्ण ऐन निर्माणमा सरोकारवालालाई गुमराहमा पारिएको महासंघको आरोप छ ।[२०] संसदमा दर्ता भइसकेको विधेयकलाई फिर्ता ल्याई महासंघलगायत सरोकारवालासँग छलफल गरेर पुनः प्रक्रियामा अघि बढाउन पत्रकार महासंघका प्रतिनिधीहरूले सरकारसँग आग्रह गरे । मन्त्री नेपालीले संसदमा दर्ता भइसकेको विधेयकलाई पुनः अध्ययन गरी महासंघले उठाएका असन्तुष्टि सम्बोधन गरिने बताइन् ।[२१] उनले विधेयक संशोधनका लागि पत्रकारहरूले माननीयहरूसँग अन्तरक्रिया गर्नुका साथै कुनकुन ठाउँमा संशोधन राख्न जरूरी छ भन्ने विषयमा पनि सुझाव दिन आग्रह गरिन् ।[२२] कर्णाली प्रदेशसभाको सामाजिक विकास समितिका अध्यक्ष देवी वलीले पनि पत्रकारहरूको सुझावअनुसार विधेयक संशोधनमा प्रयास गर्ने बताइन् ।[२३] कर्णाली प्रदेश सभाका सभामुख राजबहादुर शाहीले कानुन निर्माण प्रक्रियामा सरोकारवालाहरूले सुरूदेखि नै निगरानी गर्दै निर्वाचित जनप्रतिनिधहरूलाई निरन्तर सुझाब दिनुपर्ने कुरामा जोड दिए ।[२४]

नेपाल पत्रकार महासंघद्वारा २०७८ असार ३१ गते सुर्खेतको वीरेन्द्रनगरमा आयोजित अन्तरक्रियामा नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले प्रतिष्ठान स्थापनासम्बन्धी विधेयक शासकीय मानसिकताबाट आएको बताए । 'राज्यले पत्रकारितालाई नियमन गर्ने होइन, स्वनियमनको लागि प्रेरित गर्ने हो,' उनले भने, 'तर कर्णाली प्रदेश सरकारले प्रतिष्ठानजस्तो प्राज्ञिक संरचनामार्फत नियमन गर्ने प्रावधान राखेको छ ।' उनले विधेयकको मनसायमाथि गम्भीर प्रश्न उठाउँदै प्रतिष्ठानलाई मन्त्रालयको एउटा इकाइको रूपमा स्थापना गर्न खोजिएको बताए ।[२५]

कर्णाली प्रदेशसभाका विधायन समिति सदस्य बिन्दमान विष्टले संसदमा प्रस्तुत विधेयकलाई सुधार्नको लागि सकारात्मक छलफलको आवश्यकता रहेको बताए ।[२६]

२० नेपाल पत्रकार महासंघ, कर्णाली प्रदेश । २०७८ । कर्णालीमा आमसञ्चार प्रतिष्ठानका विषयमा सभामुख र मन्त्रीलाई ज्ञापनपत्र । असार २४ । http://fnjnepal.org/np/news/211

२१ Ibid

२२ सीता नेपाली, आन्तरिक मामिला तथा कानुनमन्त्री । सीएमआर नेपालले २०७८ भदौ १८ गते गरेको छलफल कार्यक्रमा व्यक्त धारणा ।

२३ देवी वली, कर्णाली प्रदेशसभाको सामाजिक विकास समितिका अध्यक्ष । सीएमआर नेपालले २०७८ भदौ १८ गते गरेको छलफलमा व्यक्त धारणा ।

२४ राजबहादुर शाही, कर्णाली प्रदेश सभाका सभामुख । सीएमआर नेपालले २०७८ भदौ १८ गते गरेको छलफलमा व्यक्त धारणा ।

२५ कान्तिपुर । २०७८ । कर्णालीको आमसञ्चार विधेयक शासकीय मानसिकताबाट प्रेरित । असार ३१ । https://ekantipur.com/pradesh-6/2021/07/15/162635143370493087.html

२६ Ibid

मध्यपश्चिमाञ्चल विश्वविद्यालयका कानुन संकायका सहप्राध्यापक डा. अर्जुनबहादुर अयडीले प्रतिष्ठानको कार्यकारी प्रमुखजस्तो पदाधिकारीको नियुक्ति, उमेर, शैक्षिक योग्यता, कार्यअनुभवजस्ता विषयलाई निकै हल्का रूपमा हेरिएको बताए ।[२७] विधेयकबारे साझा बिसौनी दैनिकले सम्पादकीयमा लेखेको छ, 'विधेयकमा जुनखालको प्रतिष्ठानको संरचनासम्बन्धी व्यवस्था गरिएको छ, त्यसमा मिडिया नियन्त्रणको नियत देखिन्छ । मन्त्रीको अध्यक्षतामा प्रतिष्ठान गठन गर्ने प्रस्ताव नै गलत छ । विधेयकले आमसञ्चार प्रतिष्ठानलाई 'स्वशासित र संगठित संस्था'का रूपमा व्याख्या गरेको छ । मन्त्रीको अध्यक्षतामा हुने संस्था विधेयकमा उल्लेख गरेअनुसार स्वशासित कसरी हुन सक्दछ ? स्वशासित भनेको त्यस्तो संस्था हो, जो सम्बन्धित तहबाटै आफ्नै स्वविवेक र विधिका आधारमा चलेको हुन्छ । स्वायत्त अधिकारयुक्त हुन्छ । सरकारको दबाब र प्रभावबाट पर हुन्छ । अर्थात् स्वतन्त्र र सुशासनसहितको हुन्छ ।

विधेयकअनुसार प्रतिष्ठान मन्त्रीको अध्यक्षतामा सात सदस्यीय हुनेछ जसमा प्रदेश योजना आयोगका सदस्य, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव र आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव सदस्य रहनेछन् । यसबाहेक आमसञ्चार तथा सूचना प्रविधिका क्षेत्रबाट सरकारले दुई जना सदस्य मनोनित गर्नेछ । सरकारले नै थप एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछ, कार्यकारी निर्देशक नै प्रतिष्ठानको सदस्य सचिव हुनेछन् । अर्थात् यो पूर्णरूपमा सरकार नियन्त्रित संस्था हुनेछ । सरकारले आफूले चाहेअनुसार निर्णय गराउन सक्नेछ । प्रतिष्ठानको अध्यक्षता गर्ने मन्त्रीलाई विशेषाधिकार दिइएको छ । कुनै पनि निर्णय बहुमतले गर्न सक्नेछ । यदि मत बराबर भएमा अध्यक्षको निर्णय नै निर्णायक हुने व्यवस्था गरिएको छ । प्रशासकीय प्रमुखको रूपमा सरकारले आफू अनुकूल कार्यकारी निर्देशक नियुक्त गर्ने प्रस्ताव गरेको छ । त्यसमा पनि यदि उसको कामकारबाही चित्त नबुझेमा सरकारले जुनसुकैबेला हटाउन सक्नेछ ।

## कस्तो प्रतिष्ठान ?

प्रतिष्ठान सरकार मातहतकै एक संरचना हो । तर, यसलाई सरकारको दबाब र प्रभावबाट भने मुक्त राख्नुपर्दछ । यो

२७ Ibid

मिडिया नियन्त्रणका लागि सरकारी हतियार बन्नु हुँदैन । सरकारको चाहनाअनुसार नचल्ने सञ्चारमाध्यमलाई कस्ने हतियारका रूपमा प्रयोग हुनबाट बचाउनका लागि पनि मिडिया हेर्नेगरी राज्यले नै निर्माण गर्ने संरचना स्वशासित हुनुपर्ने हुन्छ । स्वतन्त्र निकायका रूपमा यसको संरचना, सञ्चालन र व्यवस्थापन हुन अपरिहार्य छ । यसकारण मन्त्रीको अध्यक्षतामा नभइ सूचना प्रविधि तथा आमसञ्चारका क्षेत्रमा अध्ययन, अनुसन्धान र लामो अनुभव भएका विज्ञको अध्यक्षता र सोहीअनुसार स्वतन्त्र व्यक्तिहरु सदस्य रहनेगरी प्रतिष्ठान गठनको व्यवस्था गरिनुपर्दछ।[२८]

कर्णाली प्रदेश सरकारले कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठानको अध्यक्ष सरकारकै मन्त्री हुने व्यवस्था सहित प्रदेश सभामा दर्ता गराएको विधेयकमा सरकारले मन्त्रीको नेतृत्वमा प्रतिष्ठान बनाएर सञ्चार क्षेत्रलाई पकडमा राख्न खोजेको छ । स्वायत्त संस्थाको रूपमा क्रियाशील गराइनुपर्ने प्रतिष्ठानमा मन्त्री नै अध्यक्ष भएपछि यसले कसरी स्वतन्त्ररूपमा काम गर्छ भन्ने प्रश्न उठेको छ । प्रतिष्ठानको बैठकमा कुनै विषयमा छलफल हुँदा त्यसको छिनोफानो बहुमत र अल्पमतबाट हुनेछ । ५० प्रतिशतको निर्णय मान्य हुने भनिएको छ जबकि प्रतिष्ठानमा सञ्चार क्षेत्रबाट २९ प्रतिशत मात्रै सहभागी हुन्छन् । सात सदस्य रहेको प्रतिष्ठानमा सञ्चार क्षेत्रबाट दुईजनामात्रै रहने व्यवस्था छ । विधेयकमा भने प्रतिष्ठान स्वशासित र संगठित संस्था हुने उल्लेख छ । सरकारको पूर्णमातहतमा रहने निकाय कसरी स्वशासित रहला भन्ने प्रश्न सञ्चार जगतमा उठेको छ ।

प्रतिष्ठानले विभिन्न सञ्चार माध्यमको अभिलेखीकरण, नीति निर्धारण, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरणका लागि सिफारिस, आमसञ्चारसम्वन्धी प्रशिक्षण, विभिन्न तालिम गोष्ठीको आयोजना लगायतका काम गर्ने उल्लेख छ । पत्रकारका लागि गठन गर्ने भनिएको प्रतिष्ठानमा पत्रकारको सहभागिता उल्लेख्य नहुनु राम्रो पक्ष होइन । प्रतिष्ठानको सञ्चालक समिति अध्यक्ष मन्त्री हुने प्रावधान, समितिमा महासंघको सहभागिता, कार्यकारी निर्देशकको नियुक्ति र योग्यताजस्ता विषयले गर्दा प्रतिष्ठान वास्तवमै स्वायत्त संस्था हुन सक्दैन। प्रतिष्ठानलाई मन्त्रीको नेतृत्वमा राखेर स्वायत्तता संकुचित गर्नेदेखि कार्यकारी निर्देशकको नियुक्तिमा मनपरी गर्नसक्ने प्रावधान राखिएको छ । मन्त्रीको अध्यक्षतामा प्रतिष्ठान गठन गर्ने प्रस्ताव नै गलत छ ।

२८ साझा बिसौनी दैनिक । २०७८ । मिडिया नियन्त्रण गर्ने नियत । असार २५ । https://sajhabisaunee.com/archives/28153

विधेयकले आमसञ्चार प्रतिष्ठानलाई 'स्वशासित र संगठित संस्था'का रूपमा व्याख्या गरेको छ । मन्त्रीको अध्यक्षतामा हुने संस्था विधेयकमा उल्लेख गरेअनुसार स्वशासित हुन सक्दैन । प्रशासकीय प्रमुखको रूपमा सरकारले आफूअनुकूल कार्यकारी निर्देशक नियुक्त गर्ने प्रस्ताव गरेको छ । त्यसमा पनि यदि उसको कामकारबाही चित्त नबुझेमा सरकारले जुनसुकैबेला हटाउन सक्नेछ । यो अवस्थामा प्रतिष्ठानलाई सरकारको दबाब र प्रभावबाट मुक्त राख्नुपर्दछ । मिडिया नियन्त्रणका लागि सरकारी हतियार बन्नुहुँदैन । मन्त्रीको अध्यक्षतामा नभई सूचना प्रविधि तथा आमसञ्चारका क्षेत्रमा अध्ययन, अनुसन्धान र लामो अनुभव भएका विज्ञको अध्यक्षता र सोहीअनुसार स्वतन्त्र व्यक्तिहरु सदस्य रहनेगरी प्रतिष्ठान गठनको व्यवस्था गरिनुपर्दछ ।

प्रतिष्ठानको संरचना, त्यसको सञ्चालन, व्यवस्थापन र अधिकारका क्षेत्र भने स्पष्ट हुन जरूरी छ । यसको दायित्व सञ्चारमाध्यमको अभिलेख राख्ने, सञ्चालन र व्यवस्थापनमा सहजीकरण गर्ने, आवश्यक सहयोग गर्ने लगायतमा केन्द्रीत हुनुपर्दछ । त्यस्तै प्रतिष्ठान स्थापनासम्बन्धी विधेयकमा निम्न किसिमका संशोधन हुन आवश्यक छ :

¬ कर्णाली प्रदेश सरकारले संसद्मा पेश गरेको सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान स्थापनासम्बन्धी सरोकारवालासमक्ष विधेयकमाथि बृहत छलफल गर्नुपर्छ । छलफलबाट आएको राय सुझावलाई संकलन गरी सोहीअनुसार नीति निर्माण गर्नुपर्छ ।

¬ प्रतिष्ठानको बैठकमा कुनै विषयमा छलफल हुँदा त्यसको छिनोफानो बहुमत-अल्पमतबाट हुने भएकोले प्रतिष्ठानामा सञ्चार क्षेत्रबाट बहुमत सदस्य हुने गरी व्यवस्था गर्नुपर्छ ।

¬ पत्रकारका लागि गठन गर्ने भनिएको प्रतिष्ठानमा पत्रकारको सहभागिता उल्लेख्य हुनुपर्छ ।

¬ प्रतिष्ठानको सञ्चालक समिति अध्यक्ष मन्त्री हुने प्रावधान, समितिमा महासंघको सहभागिता, कार्यकारी निर्देशकको नियुक्ति र योग्यताजस्ता विषय परिमार्जन गर्नुपर्छ ।

¬ कार्यकारी निर्देशकको नियुक्तिमा निश्चित मापदण्ड हुनुपर्छ ।

¬ प्रतिष्ठान सरकार मातहतकै एक संरचना हो । तर यसलाई सरकारको दबाब र प्रभावबाट भने मुक्त राख्नुपर्दछ । मिडिया नियन्त्रणका लागि सरकारी

हतियार बन्नु हुँदैन ।

¬ मन्त्रीको अध्यक्षतामा नभइ सूचना प्रविधि तथा आमसञ्चारका क्षेत्रमा अध्ययन, अनुसन्धान र लामो अनुभव भएका विज्ञको अध्यक्षता र सोहीअनुसार स्वतन्त्र व्यक्तिहरु सदस्य रहनेगरी प्रतिष्ठान गठनको व्यवस्था गरिनुपर्दछ ।

¬ प्रतिष्ठानको संरचना, त्यसको सञ्चालन, व्यवस्थापन र अधिकारका क्षेत्र भने स्पष्ट हुन जरूरी छ। यसको दायित्व सञ्चारमाध्यमको अभिलेख राख्ने, सञ्चालन र व्यवस्थापनमा सहजीकरण गर्ने, आवश्यक सहयोग गर्ने लगायतमा केन्द्रीत हुनुपर्दछ ।

## सामाजिक सघं संस्थासम्बन्धी अधिकार केन्द्र सरकारकै

सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ प्रदेशसभामा २०७४ साल चैत २३ गते दर्ता भएको थियो । २०७५ जेठ ११ गते सभामा टेबल भएको थियो भने जेठ २० गते प्रदेशसभामा छलफल र संशोधन दर्ता भएको थियो । त्यसपछि जेठ २५ गते सभाबाट त्यो विधेयक सामाजिक विकास समितिमा पठाउने निर्णय भएको हो । समितिको २०७५ आषाढ २०, श्रावण १७, श्रावण २६ र चैत्र १८ गते गरी जम्मा ४ वटा बठैक बसी ८ घण्टा १५ मिनेट छलफल भयो ।

दफावार छलफलमा सांसदहरूले बोलेपछि विधेयक टेबुल गर्नुहुने मन्त्री र संशोधनको सूचना दर्ता गर्नुहुने प्रदेश सभा सदस्यहरूसँग छलफल गरी समितिको अन्तिम बैठकले प्रस्तावित संशोधन तथा अन्य सम्बद्ध विषयवस्तुसहित विधेयकको सम्बन्धमा नेपालको संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएको क्रमशः प्रदेशको अधिकार सूची, संघ र प्रदेशको साझा अधिकार सूची र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा सामाजिक संघसंस्था उल्लेख भएको नदेखिएकोले र नेपालको संविधानको अनुसूची ५ को क्रमसंख्या ३५ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै विषय तथा यो संविधान र संघीय कानूनमा नतोकिएका विषय संघको अधिकार हुने व्यवस्था भएकोले सामाजिक संघसंस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ प्रदेश सभाको क्षेत्राधिकारभित्र नपर्ने समितिको निष्कर्ष भएको र उक्त विधेयकलाई फिर्ता लिन माननीय मन्त्रीज्यू समितिको बैठकमा सहमत हुनु भएकोले सो विधेयकलाई सभाबाटै फिर्ता पठाउनुपर्ने[२९] रायसहितको प्रतिवेदन पेश गरिएको थियो ।

## स्थानीय तहमा मिडिया नीति निर्माणको अवस्था

कर्णाली प्रदेशमा सबैभन्दा धेरै संख्यामा रहेको सञ्चारमाध्यम एफएम रेडियो नै हो । पत्रकार महासंघको तथ्याङ्कअनुसार प्रदेशभर ४७ वटा एफएम रेडियो रहेका छन् । त्यसो त कर्णाली प्रदेशका विकट दुर दराजका बस्तीहरूमा सुचना पुर्‍याउने भरपर्दो माध्यम पनि एफएम रेडियो नै हो । त्यसैले यहाँका धेरैजसो स्थानीय तहहरूले एफएम रेडियो व्यवस्थापन तथा सञ्चालनका लागि कार्यविधि बनाएका छन् । कतिपय स्थानीय तहमा त एफएम रेडियो स्थापना भइसकेका छन् ।

कालिकोटको नरहरीनाथ गाउँपालिका, कालिकोटकै पलाता गाउँपालिका, दैलेखको चामुण्डाविन्द्रासैनी नगरपालिका लगायतका स्थानीय तहहरूले एफएम रेडियोसम्बन्धी आवश्यक कानुन निर्माण गरी एफएम रेडियो समेत सञ्चालन भइरहेको छ । त्यस्तै जाजरकोटको भेरी नगरपालिकाले पनि एफएम रेडियो सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ निर्माण गरिसकेको छ ।

नेपाल सरकारले स्थानीय तहमा एफएम रेडियो व्यवस्थापन तथा सञ्चालनका लागि २०७४ भदौमा नमुना कार्यविधि जारी गरेको थियो । यो नमुना कानुन जारी गर्नुको मुख्य उद्देश्य स्थानीय तहलाई कानुन निर्माणमा सहज होस् र संघीय एवं प्रादेशिक कानुनसँग नबाझियोस् भन्ने हो । एफएम रेडियोसम्बन्धी कानुनको मूलभूत सारमा एकरूपता ल्याउनका लागि पनि यस किसिमको नमुना कानुन जारी गरिएको हो । एफएम रेडियोको नियमनको व्यवस्था नेपालको संविधान २०७२ को अनुसूची ८ को स्थानीय तहसम्बन्धी अधिकारको २२ वटा सूचीमध्ये बुँदा नं. ३ मा 'एफएम रेडियो सञ्चालन' को अधिकार तोकिएको छ ।

२९ कर्णाली प्रदेशसभाको सामाजिक विकास समिति । २०७६ भाद्र २५ गते समितिले तयार पारेको प्रतिवेदन ।

यस्तै नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारहरूको कार्य विस्तृतीकरणसम्बन्धी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत प्रतिवेदनको परिच्छेद ४ अन्तर्गत बुँदा नम्बर ४.३ मा स्थानीय तहको अधिकार तथा कार्य विस्तृतीकरण गरिएको छ । त्यसमा पनि स्थानीय तहको एकल अधिकारको (अनुसूची ८) विस्तृतीकरण शीर्षकअन्तर्गत बुँदा नम्बर ३.२ मा एफएम सञ्चालनबारे व्याख्या गर्दै भनिएको छ, '१०० वाटसम्मका एफएम रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन ।' त्यस्तै ३.२ मा चाहिँ 'स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर र स्थानीय केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन' गर्ने पनि स्थानीय तहको अधिकारभित्रै तोकिएको छ । यस हिसावले कानुनतः १०० वाटसम्मको एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमनको जिम्मा स्थानीय तहको हो ।

यस हिसावले संघीय सरकारसँग समन्वय गर्दै स्थानीय सरकारले १०० वाटसम्मको रेडियो सञ्चालनको अनुमति दिन कानुन जारी गरेको हो । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम स्थानीय कानुन बनाउने अधिकार प्रयोग गरी विभिन्न स्थानीय तहको गाउँसभा र नगर सभाबाट एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि/ऐन पारित गरिएको हो । त्यसअघि संघीय सरकारले यससम्बन्धी नमुना कानुन बनाइ स्थानीय तहसमक्ष पठाएको हो । एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ शीर्षकको नमुना कानुनमा २५ दफा र ९ अनुसूची छन् ।

यसका मुख्य प्रावधानमध्ये स्थानीय तहमा १०० वाटसम्म एफएम सञ्चालनका लागि इजाजतपत्र लिनुपर्ने, त्यसको नवीकरण, प्रसारणमा रोक लगाउन सक्ने, इजाजतपत्र रद्द गर्न सक्ने, अनुगमन समितिबाट अनुगमन गर्न सक्ने, पालन गर्नुपर्ने सर्तहरु, प्रसारण गर्न नहुने र दण्ड जरिवानाको व्यवस्था राखिएका छन् । जाजरकोटको भेरी नगरपालिकाले एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७६ नाम दिएर कार्यविधि निर्माण गरेको छ । नगरपालिकाले उक्त कार्यविधि २०७६ फागुन १ गतेको स्थानीय राजपत्रमा प्रकाशित गरिसकेको छ । दैलेखको चामुण्डा विन्द्रासैनी नगरपालिकाको २०७४ असार ३० गतेको पहिलो नगरसभाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ बनाई लागू गरेको छ ।

# निष्कर्ष

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ को बजेटदेखी नै आफैले सञ्चारमाध्यम सञ्चालन गर्ने गरी जे जसरी बजेट छुट्टयाउँदै आएको छ, त्यो गलत छ । सरकार आफैले सञ्चारमाध्यम सञ्चालन गर्ने कार्य लोकतान्त्रिक मुल्य मान्यताअनुरूप हुन सक्दैन । प्रदेशसभाले बनाएको ऐनमा 'प्राप्त निवेदनमाथि मन्त्रालयले आवश्यक जाँचबुझ गरी मनासिब देखे तोकिएका सर्त पालना गर्ने गरी' इजाजत दिने जुन प्रावधान छ, त्यसमा संशोधन गर्न आवश्यक छ । 'जाँचबुझ', 'तोकिएका शर्तहरू' जस्ता शब्द उल्लेख गर्न जरूरी छैन । सर्तहरू के के हुन् भन्ने विषय ऐनमा नै प्रष्ट गर्न आवश्यक छ, पछि सर्त तोक्ने कुरा उपयुक्त छैन । ऐनमा उल्लेखित प्रसारणमा रोक लगाउन सकिने प्रावधानलाई पनि संशोधन गर्न आवश्यक छ ।

सुचना प्रविधी तथा आमसञ्चार प्रतिष्ठान परिषदको अध्यक्षमा मन्त्री रहने कुराले प्रतिष्ठान स्वायत्त एवं स्वतन्त्र नहुने कुरालाई प्रष्टयाएको छ । त्यसमाथि समितिका अन्य सदस्यहरूमा प्रदेश योजना आयोगको सदस्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलयका सचिव, आन्तरिक मामिला तथा मन्त्रालयका सचिव हुने प्रावधानले प्रतिष्ठान सरकारकै छायाँ बन्न सक्ने संभावना देखिन्छ । बरू, प्रदेश सभाका सभामुखको अध्यक्षतामा आमसञ्चार तथा सुचना प्रविधी क्षेत्रका ब्यक्तिहरू सम्मिलित परिषद् गठन गर्नु उपयुक्त हुन्छ । प्रतिष्ठानको कार्यकारी निर्देशकको नियुक्ति मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले गर्ने उल्लेख छ । कुनै निश्चित संयन्त्र बनाएर प्रतिस्पर्धाको आधारमा नियुक्त गर्ने व्यवस्था गर्न सकेमात्र प्रतिष्ठानको स्वायत्तता रहन्छ । अन्यथा प्रदेश सरकारले आफुलाई लागेको व्यक्तिलाई त्यत्तिकै नियुक्ति दिदा प्रतिष्ठान कार्यकर्ता व्यवस्थापनको थलो बन्ने खतरा रहन्छ । त्यस्तै स्थानीय सरकारहरूले पनि जे जसरी आफैले एफएम रेडियो सञ्चालन गर्न थालेका छन्, त्यो कार्य पनि गलत छ । स्थानीय सरकारलाई सय वाटभन्दा कम क्षमताको रेडियो स्थापनाको अनुमति दिने अधिकार भएकाले त्यस्तो कार्यलाई सहजीकरण मात्रै गरिदिनु उत्तम हुनेछ ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिँदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org